Q1. कसले दर्ता गर्न सक्दछ?

Q2: किन मैले दर्ता गर्नु पर्छ?

Q3. मैले कसरी मतदाताको रूपमा दर्ता गर्न सक्छु?

Q4: यदि म एउटा दर्ता भएको मतदाताको हुँ भने, मैले कसरी दर्ता ठेगाना, नाम, ईमेल ठेगाना र सम्पर्क फोन नम्बर जस्ता मेरो दर्ता विवरण परिवर्तन गर्नलाई रिपोर्ट गर्न सक्छु?

Q5: नयाँ मतदाता दर्ता र दर्ता विवरण परिवर्तन को लागी केहि समय सीमा छ?

Q6: के मलाई नयाँ मतदाता दर्ताका लागि आवेदन पेस गरेपछि तुरून्त भोट दिने अधिकार छ? / के मैले मेरो दर्ता गरिएको ठेगाना परिवर्तन भएको रिपोर्ट गरे पछि तुरुन्त नयाँ निर्वाचन क्षेत्रमा र नयाँ मतदान केन्द्रमा मतदान गर्न सक्दछु?

Q7: दुई नयाँ संशोधित भौगोलिक क्षेत्र मतदाता पंजीकरण फार्म REO-1 र REO-2 बीच मा के भिन्नताहरू छन्? मैले कुन फारम प्रयोग गर्नु पर्छ?

Q8: मैले धेरै बर्ष पहिले एउटा आवेदन फारम भरेको थिए। के मैले फेरि दर्ता गर्नु पर्छ?

Q9: जुलाई 2021 को अन्त्यमा म 18 वर्षको मात्र भएँ तर दर्ता गर्ने अन्तिम म्याद 2 मे 2021 हो। के म अब मतदाताको रूपमा दर्ता गर्न सक्छु?

Q10: म निकट भविष्यमा नयाँ फ्ल्याटमा सर्छु, के मैले आफ्नो नयाँ घर ठेगानालाई दर्ता र निर्वाचन कार्यालयमा रिपोर्ट गर्नु पर्छ?

Q11: कस्तो प्रकारको कागजातहरू ठेगाना प्रमाणको (एड्रेस प्रूफ) रूपमा स्वीकार गरिन्छ?

Q12: यदि म ठेगाना प्रमाणको (एड्रेस प्रूफ) रूपमा मेरो नाम र आवासीय ठेगानाको साथ कागजातहरू प्रदान गर्न सक्दिन भने, वैध ठेगाना प्रमाणको रूपमा सेवा दिन म कुन वैकल्पिक कागजातहरू पेश गर्न सक्छु?

Q13: यदि मेरो नयाँ घर हाउजिङ डिपार्टमेंट अन्तर्गत सार्वजनिक भाँडामा आवासमा फ्ल्याट छ वा हङ कङ हाउजिङ सोसाइटी अन्तर्गत अनुदान प्राप्त घर हो भने, मैले ठेगाना परिवर्तनको

लागि आवेदन गर्दा, के मलाई ठेगाना प्रमाण आवश्यकताबाट छुट दिइन्छ?

Q14: यदि मलाई थाहा छ कसैले मतदाता दर्ताका लागि गलत जानकारी प्रदान गरेको छ भने मैले कसरी सरकारी विभागहरुलाई सूचना दिन सक्छु?

Q15: यदि कसैले मतदाता दर्ताका लागि दर्ता र निर्वाचन कार्यालयमा गलत आवासीय ठेगाना प्रदान गर्दछ, वा दर्ता गरिएको ठेगाना परिवर्तनको लागि आवेदन दिंदा जाली/नक्कली ठेगाना प्रमाणको (एड्रेस प्रूफ) कागजात प्रदान गर्दछ, र त्यसपछि चुनावमा मतदान गर्छ भने, त्यो ब्यक्ती कुन कानूनको उल्लंघन गर्दछ?

Q16: म मेनल्यान्ड को नयाँ आगमन नागरिक हुँ। के मैले मतदाताको रूपमा दर्ता गर्न सक्छु?

Q17: मैले कसरी जान्न सक्छु कि मेरा रेकर्डहरू सही मतदाताहरुको रेजिस्टरमा राखिएका छन?

Q18: के मेरो व्यक्तिगत डाटाको दुरुपयोग सम्बन्धी कुनै सुरक्षा उपायहरु छन्?

Q19: मैले नयाँ मतदाता दर्ता / पंजीकरण विवरण परिवर्तन गर्नका लागि आवेदन पेश गरेको छु। मैले कसरी थाहा पाउन सक्छु कि दर्ता र निर्वाचन कार्यालयले मेरो आवेदन प्रशोधित गर्दैछ भनेर?

Q20: यदि मसँग मतदाता रेजिष्ट्रेसनको बारेमा थप प्रश्नहरू छन् भने मैले कुन विभागसँग सहयोग लिन सक्छु?

Q1. कसले दर्ता गर्न सक्दछ?

A1: यदि तपाइँ 18 वा माथि उमेरको हङ कङ को स्थायी निवासी हुनुहुन्छ भने, र हङ कङ मा सामान्य रूपमा बसो बास गरी रहनु भएको छ भने, तपाईंले भौगोलिक निर्वाचन क्षेत्रको मतदाताको रूपमा साइन अप गर्न योग्य हुनुहुन्छ।

शीर्षमा फर्किनुस्

Q2: किन मैले दर्ता गर्नु पर्छ?

A2: तपाईले एक मतदाताको रूपमा दर्ता गरे पछि मात्र तपाईले विधान परिषद र जिल्ला परिषद चुनावमा भोट दिने आफ्नो अधिकारको प्रयोग गर्न सक्नुहुनेछ। यी निकायहरूमा बस्ने प्रतिनिधि छान्नु तपाइँको अधिकार हो। यदि तपाईं निर्वाचन समितिको उपसमयको चुनावमा मतदान गर्न योग्य हुनुहुन्छ भने, तपाईंले चुनावमा मतदान गर्नु अघि मतदाता नामावली पनि दर्ता गर्नु पर्छ।

शीर्षमा फर्किनुस्

Q3. मैले कसरी मतदाताको रूपमा दर्ता गर्न सक्छु?

A3: यदि तपाईं एक दर्ता मतदाता हुनुहुन्न र तपाईं भौगोलिक निर्वाचन क्षेत्रमा पंजीकृत हुन चाहानुहुन्छ भने तपाईंले आवेदन फारम "नयाँ मतदाता दर्ताका लागि आवेदन (भौगोलिक क्षेत्र)" पूरा गर्नुपर्नेछ (REO-1)।

- तपाईं "नयाँ मतदाता पञ्जीकरणको लागि आवेदन (भौगोलिक निर्वाचन क्षेत्र)" (REO-1) निम्न तरिकाहरू द्वारा प्राप्त गर्न सक्नुहुन्छ-

- यस वेबसाइटबाट डाउनलोड गरेर;
- फ्याक्स मार्फत 2891 1001 मा हटलाइनमा कल गरेर; र
- जिल्ला कार्यालयहरूमा, सार्वजनिक हाउसिंग एस्टेटको व्यवस्थापन कार्यालयहरू र दर्ता र

निर्वाचन कार्यालयहरूमा।

दर्ता र निर्वाचन कार्यालयको ठेगानाहरू:

10/F Harbour Centre

25 Harbour Road

Wan Chai

Hong Kong

13/F Kowloonbay International Trade & Exhibition Centre

1 Trademart Drive

Kowloon Bay

Kowloon

आवेदन फाराम पूरा गरेपछि र हस्ताक्षर गरेपछि तपाईले फाराम पोष्ट, फ्याक्स (फ्याक्स नम्बर: 2891 1180) वा ईमेल (ईमेल ठेगाना: form@reo.gov.hk) बाट दर्ता र निर्वाचन कार्यालयमा बुझाउन सक्नुहुन्छ वा फारम अपलोड गर्न सक्नुहुन्छ (र ठेगाना प्रमाणित (एड्रेस प्रूफ) भएको ठाउँमा) रेजिष्ट्रेसन र निर्वाचन कार्यालय अनलाइन (रजिस्ट्रेशन एंड इलेक्टोरल अफिस) अपलोड प्लेटफर्म (www.reo-form.gov.hk) मा।

यदि तपाईंसँग हङ कङ पोस्ट अथवा डिजी-साईन सर्टिफिकेशन सर्विसेज लिमिटेड द्वारा मान्य वैध डिजिटल प्रमाणपत्र छ भने (कृपया विवरणको लागि यहाँ क्लिक गर्नुहोस्), तपाईंले भोटर रजिष्ट्रेसन आवेदन, GovHK मार्फत अनलाइन आवेदन बुझाउन सक्नुहुन्छ।

यदि तपाईंले इलेक्ट्रोनिक माध्यमबाट मतदाता रेजिष्ट्रेसन आवेदन फारम बुझाउन चाहानुहुन्छ

भने, कृपया "डिजिटल फाईलहरू द्वारा मतदाता रेजिष्ट्रेसन आवेदन बुझाउने मार्गनिर्देशन नोटहरू" लाई नोट गर्नुहोस् *( गर्नको लागि हाइपरलिङ्क मा https://www.reo.gov.hk/pdf/form/Guidance_Notes_for_Electronic_Submission(Eng).pdf)*

एउटा कार्यात्मक निर्वाचन क्षेत्र को मतदाता अनि एउटा निर्वाचन समिति उप-मतदाताको रूपमा दर्ता गर्न, यहाँ क्लिक गर्नुहोस्।

शीर्षमा फर्किनुस्

Q4: यदि म एउटा दर्ता भएको मतदाताको हुँ भने, मैले कसरी दर्ता ठेगाना, नाम, ईमेल ठेगाना र सम्पर्क फोन नम्बर जस्ता मेरो दर्ता विवरण परिवर्तन गर्नलाई रिपोर्ट गर्न सक्छु?

A4: यदि तपाईं दर्ता भएको मतदाता हुनुहुन्छ र दर्ता विवरण परिवर्तन गर्न चाहानुहुन्छ भने तपाईंले आवेदन फाराम "भौगोलिक निर्वाचन क्षेत्रको एक निर्वाचक द्वारा विवरणको परिवर्तन रिपोर्ट"(REO-2) भर्नु पर्ने हुन्छ।

कृपया ध्यान दिनुहोस्: प्रासंगिक विधायी आवश्यकताको अनुरुप, दर्ता गरिएको ठेगाना परिवर्तन को लागि आवेदन, ठेगाना प्रमाण (एड्रेस प्रूफ) को साथ पेश गर्नु पर्दछ। तपाईंले स्वीकार्य प्रकारहरूको ठेगाना प्रमाणको लागि A11 देखि A13 सम्म सन्दर्भ लिन सक्नुहुन्छ ।

तपाईंले "भौगोलिक निर्वाचन क्षेत्रको एक इलेक्ट्रोनिक द्वारा निर्वाचन विवरणको रिपोर्ट"(REO-2) निम्न तरिकाहरू द्वारा प्राप्त गर्न सक्नुहुन्छ-

- यस वेबसाइटबाट डाउनलोड गरेर;
- फ्याक्स मार्फत 2891 1001 मा हटलाइनमा कल गरेर; र
- जिल्ला कार्यालयहरूमा, सार्वजनिक हाउसिंग एस्टेटको व्यवस्थापन कार्यालयहरू र दर्ता र निर्वाचन कार्यालय (इलेक्टोरल अफिस) हरूमा।

दर्ता र निर्वाचन कार्यालयको ठेगानाहरू:

10/F Harbour Centre 10

25 Harbour Road

Wan Chai

Hong Kong

13/F Kowloonbay International Trade & Exhibition Centre

1 Trademart Drive

Kowloon Bay

Kowloon

आवेदन फाराम पूरा गरेपछि र हस्ताक्षर गरेपछि तपाईले पछिल्लो तीन महिना भित्र जारी गरिएको ठेगाना प्रमाण साहित फाराम पोष्ट, फ्याक्स (फ्याक्स नम्बर: 2891 1180)वा ईमेल (ईमेल ठेगाना: form@reo.gov.hk) बाट दर्ता र निर्वाचन कार्यालयमा बुझाउन सक्नुहुन्छ वा फारम अपलोड गर्न सक्नुहुन्छ ( र ठेगाना प्रमाणित(एड्रेस प्रूफ) भएको ठाउँमा) रेजिष्ट्रेसन र निर्वाचन कार्यालय अनलाइन अपलोड प्लेटफर्म (www.reo-form.gov.hk) मा।

यदि तपाईंसँग हङ कङ पोस्ट अथवा डिजी-साईन सर्टिफिकेशन सर्विसेज लिमिटेड द्वारा मान्य

वैध डिजिटल प्रमाणपत्र छ भने (कृपया विवरणको लागि यहाँ क्लिक गर्नुहोस्), तपाईंले भोटर रजिष्ट्रेसन आवेदन, GovHK मार्फत अनलाइन आवेदन बुझाउन सक्नुहुन्छ।

यदि तपाईंले इलेक्ट्रोनिक माध्यमबाट मतदाता रेजिष्ट्रेसन आवेदन फारम बुझाउन चाहानुहुन्छ भने, कृपया "डिजिटल फाईलहरू द्वारा मतदाता रेजिष्ट्रेसन आवेदन बुझाउने मार्गनिर्देशन नोटहरू" लाई नोट गर्नुहोस् *(गर्नको लागि हाइपरलिङ्क मा https://www.reo.gov.hk/pdf/form/Guidance_Notes_for_Electronic_Submission(Eng).pdf)*

माथिको बाहेक, यदि तपाईं दर्ता भएको मतदाता हुनुहुन्छ र तपाईं उम्मेद्वारहरूबाट चुनावी गतिविधिहरू सम्बन्धी चुनावी मेलको रसीद सहज पार्न तपाईंको ईमेल ठेगाना उपलब्ध/ अपडेट गर्न चाहनुहुन्छ भने, तपाईं हाम्रो वेबसाइट मार्फत रेजिष्ट्रेसन र निर्वाचन कार्यालयलाई सम्बन्धित सूचना प्रदान गर्न सक्नुहुन्छ। (http://www.osp.reo.gov.hk/index_e.html) वा ईमेल मार्फत (ईमेल ठेगाना: reoenq@reo.gov.hk)।

शीर्षमा फर्किनुस्

Q5: नयाँ मतदाता दर्ता र दर्ता विवरण परिवर्तन को लागी केहि समय सीमा छ?

A5: योग्य निवासी/ पंजीकृत मतदाताहरूले नयाँ मतदाता दर्ताका लागि आवेदन फारम वर्षको कुनै पनि समयमा नयाँ मतदाता दर्ता / पंजीकरण विवरण परिवर्तन को बारे मा रिपोर्ट बुझाउन सक्नेछन्। यद्यपि, यदि उनिहरूले आफ्नो दर्ता प्रक्रिया गरेको / विवरणहरू उही चक्रमा प्रकाशित गर्नका लागि मतदाताहरूको दर्तामा अपडेट गर्न चाहेमा, उनीहरूले यस कार्यालयमा निवेदन तोकिएको सम्बन्धित वैधानिक अन्तिम मिति भन्दा अघि पेश गर्नुपर्नेछ:

**<u>नयाँ मतदाता पञ्जीकरण</u>**

जिल्ला परिषद चुनाव वर्ष (उदाहरण 2023): **2 जुलाई**

गैर जिल्ला परिषद चुनाव वर्ष (उदाहरण 2021, 2022 र 2024): **2 मे**

**<u>एउटा मतदाता द्वारा विवरण परिवर्तनको रिपोर्ट</u>**

जिल्ला परिषद चुनाव वर्ष (उदाहरण 2023): **2 जून**

गैर जिल्ला परिषद चुनाव वर्ष (उदाहरण 2021, 2022 र 2024): **2 अप्रिल**

माथिको अन्तिम मिति पछि, आवेदन फारामहरू पछि बुझाइयो भए, रेकर्ड गरिएको / अपडेट गरिएको सम्बन्धित मतदाताहरूको नाम र आवासीय ठेगाना (रेजिडेंशियल एड्रेस) हरू पछि हुने मतदाता दर्ता चक्र (वोटर्स रजिस्ट्रेशन साइकिल) मा प्रकाशित मतदाताहरूको रेजिष्टरमा हुनेछ।

शीर्षमा फर्किनुस्

Q6: के मलाई नयाँ मतदाता दर्ताका लागि आवेदन पेस गरेपछि तुरून्त भोट दिने अधिकार छ? / के मैले मेरो दर्ता गरिएको ठेगाना परिवर्तन भएको रिपोर्ट गरे पछि तुरुन्त नयाँ निर्वाचन क्षेत्रमा र नयाँ मतदान केन्द्रमा मतदान गर्न सक्दछु?

A6: हालको कानून बमोजिम, दर्ता र निर्वाचन कार्यालय (रजिस्ट्रेशन एंड इलेक्टोरल अफिस) ले निर्वाचन क्षेत्रको अन्तिम रजिष्टरमा अभिलेख गरिएको जानकारी अनुसार निर्वाचन क्षेत्र र मतदान केन्द्रहरू तोक्नेछ जुन एक बर्षमा एक पटक अपडेट हुन्छ। जुलाई 2021 मा अर्को अन्तिम रजिष्टर प्रकाशित हुनुभन्दा अघि कुनै जिल्ला परिषद वा विधानपरिषद्को उपचुनाव

भएमा, रेजिष्ट्रेसन र निर्वाचन कार्यालय (रजिस्ट्रेशन एंड इलेक्टोरल अफिस)ले जुलाई 2020 मा प्रकाशित अन्तिम रजिस्टरको सूचना अनुसार निर्वाचन क्षेत्र र मतदान केन्द्रहरू तोक्नेछ।

त्यसकारण 2021 मतदाता रेजिष्ट्रेसन चक्र (वोटर्स रजिस्ट्रेशन साइकिल) भित्र नयाँ मतदाता दर्ताका लागि आवेदन पेस गर्ने व्यक्तिहरू (जस्तै 3 मे 2020 देखि 2 मे 2021 सम्म) 2021 मा निर्वाचनको अन्तिम रजिस्टर जुलाई 2021 पछि प्रकाशित भए पछि मात्र चुनावमा मतदान गर्न पाउने हकदार हुनेछन्।

2021 मतदाता रेजिष्ट्रेसन चक्र (वोटर्स रजिस्ट्रेशन साइकिल) भित्र दर्ता ठेगाना परिवर्तन गर्नका लागि आवेदन पेश गर्ने मतदाताहरुका लागि (जस्तै 3 अप्रिल 2020 देखि 2 अप्रिल 2021 सम्म), जुलाई 2021 मा निर्वाचनको अन्तिम रजिष्टर प्रकाशन गर्नु अघि उप-चुनाव हुन गएमा, उनीहरूलाई पुरानो ठेगानाको आधारमा निर्वाचन क्षेत्र र मतदान केन्द्रमा मतदान गर्न दिइनेछ (जस्तै 2020 अन्तिम चुनावी

शीर्षमा फर्किनुस्

Q7: दुई नयाँ संशोधित भौगोलिक निर्वाचन क्षेत्र मतदाता पंजीकरण फार्म REO-1 र REO-2 बीच मा के भिन्नताहरू छन्? मैले कुन फारम प्रयोग गर्नु पर्छ?

A7: सार्वजनिक सदस्यहरूले सम्बन्धित आवेदन फारम को प्रयोग यस आधारमा गर्नुपर्नेछ कि उनीहरू एक दर्ता भएको मतदाता हो। सार्वजनिक सदस्य जो हालसम्म दर्ता गरिएको मतदाता होइनन तर भौगोलिक निर्वाचन क्षेत्रमा दर्ता गर्न चाहान्छ उसले “नयाँ मतदाता दर्ताका लागि आवेदन (भौगोलिक क्षेत्र)” (REO-1) प्रयोग गर्नुपर्नेछ। एक दर्ता भएको मतदाता जस्ले आफ्नो

दर्ता विवरण परिवर्तन रिपोर्ट गराउन चाहन्छ उस्ले "एक भौगोलिक निर्वाचन क्षेत्र मा एक निर्वाचक द्वारा विवरण परिवर्तन को रिपोर्ट" (REO-2) को उपयोग गर्नु पर्छ।

तपाईंले अनलाइन मतदाता जानकारी सोधपुछ प्रणाली (www.voterinfo.gov.hk) मा लग ईन गर्न सक्नुहुन्छ वा दर्ता र निर्वाचन कार्यालयको हटलाइन 2891 1001 मा कल गरेर तपाईं एक दर्ता भएको मतदाता हुनुहुन्छ कि, वा तपाईंको दर्ता विवरण सही छ वा छैन जाँच्न सक्नु हुन्छ।

शीर्षमा फर्किनुस्

Q8: मैले धेरै बर्ष पहिले एउटा आवेदन फारम भरेको थिए। के मैले फेरि दर्ता गर्नु पर्छ?

A8: यदि तपाईंले पहिले एउटा मतदाताको रूपमा साइन अप गर्नुभएको छ भने, तपाईंले फेरि दर्ता गर्न आवश्यक छैन। तपाईले अनलाइन मतदाता जानकारी पूछताछ प्रणाली (www.voterinfo.gov.hk) मा लग ईन गर्न सक्नुहुनेछ वा दर्ता र निर्वाचन कार्यालय हटलाइन 2891 1001 मा कल गर्नुहोस् तपाईंको दर्ता विवरणहरू ठीक छन् कि छैनन् भनेर जाँच गर्न सक्नुहुनेछ।

गलत दर्ता विवरणहरूले गर्दा मतदाताहरूको, दर्ता स्थिति र भोट दिने योग्यतामा असर पर्न सक्छ। कृपया "भौगोलिक निर्वाचन क्षेत्रमा एक निर्वाचक द्वारा विवरण परिवर्तनको रिपोर्ट" ("रिपोर्ट ऑन चेंज अफ पर्टिक्युलरस बाई एन इलेक्टोर इन अ जीओग्राफिकल कंस्टीटूएंसी")पूरा गर्नुहोस् (REO-2) र हस्ताक्षर गरिएको र पूर्ण रुप ले भरिएको फारम पेश गर्नुहोस्, पछिल्लो 3 महिना भित्र जारी गरिएको ठेगाना प्रमाण (एड्रेस प्रूफ )सहित (आवासीय ठेगाना परिवर्तन भए मा लागू हुने), REO लाई तपाइँको रेजिष्ट्रेसन विवरणमा कुनै परिवर्तनको

लागि विशेष गरी आवासीय ठेगाना, ताकि REO तपाइँको रेकर्ड अपडेट गर्न सकुन।

शीर्षमा फर्किनुस्

Q9: जुलाई 2021 को अन्त्यमा म 18 वर्षको मात्र भएँ तर दर्ता गर्ने अन्तिम म्याद 2 मे 2021 हो। के म अब मतदाताको रूपमा दर्ता गर्न सक्छु?

A9: यदि तपाईं 25 जुलाई 2021 मा वा अघि 18 वर्ष उमेर पुग्नुभयो भने, जब अन्तिम रजिस्टर 2021 को लागि प्रकाशित गरिन्छ, र यदि तपाई हङ कङ को स्थायी निवासी हुनुहुन्छ भने तपाई मतदाताको रूपमा दर्ताका लागि आवेदन दिन योग्य हुनुहुन्छ।

शीर्षमा फर्किनुस्

Q10: म निकट भविष्यमा नयाँ फ्ल्याटमा सर्छु, के मैले आफ्नो नयाँ घर ठेगानालाई दर्ता र निर्वाचन कार्यालयमा रिपोर्ट गर्नु पर्छ?

A10: तपाईंले "भौगोलिक निर्वाचन निर्वाचन क्षेत्रमा मतदाता विवरणको परिवर्तनको रिपोर्ट" (“रिपोर्ट ऑन चेंज अफ  पर्टिक्युलरस बाई एन इलेक्टोर इन अ जीओग्राफिकल कंस्टीटूएंसी”) (REO-2) पूरा गरेर पछिल्लो तीन महिना भित्र जारी गरिएको ठेगाना प्रमाण(एड्रेस प्रूफ)  सहित, र हस्ताक्षर गरिएको पुरा फारम, दर्ता र निर्वाचन कार्यालय (रजिस्ट्रेशन एंड इलेक्टोरल अफिस)मा तपाईं घर सरेपछि पेश गर्नुपर्नेछ। यदि तपाईंले दर्ता गरेको ठेगाना को प्रतिवेदन दर्ता र निर्वाचन कार्यालयलाई 2021 मतदाता रेजिष्ट्रेसन चक्र (वोटर्स रजिस्ट्रेशन साइकिल) (जस्तै 2 अप्रिल 2021 मा अथवा यो  भन्दा अघि) वैधानिक अन्तिम म्यादमा वा अघि दर्ता

गरिएको ठेगाना परिवर्तन गर्नका लागि आवेदन बुझाउनुभयो भने, तपाइँको नयाँ ठेगाना 2021 अन्तिम रजिस्टरमा प्रतिबिम्बित हुनेछ।

शीर्षमा फर्किनुस्

Q11: कस्तो प्रकारको कागजातहरू ठेगाना प्रमाण (एड्रेस प्रूफ)को रूपमा स्वीकार गरिन्छ?

A11: दर्ता र निर्वाचन कार्यालय(रजिस्ट्रेशन एंड इलेक्टोरल अफिस) ले पछिल्लो तीन महिना भित्र जारी निम्न कागजातहरु (दर्ता र निर्वाचन कार्यालय द्वारा रसीद मिति फारम बुझाइएको मिति को रूप मा स्वीकृत गरिनेछ), जसमा जारी भएको मिति र जारी गर्ने संगठनको नाम उल्लेख भएको कागजातहरू लाई मान्य  ठेगाना प्रमाणको(एड्रेस प्रूफ) रूपमा स्वीकार गर्दछ। ठेगानाको प्रमाणको  सम्बन्धित कागजातहरूमा मतदाताको नाम र मुल आवासीय ठेगाना पनि समावेश भएको हुनु पर्दछ(कागजातमा छापिएको नाम र ठेगाना आवेदन फारममा दिइएको अनुसार समान हुनुपर्दछ):

1. सार्वजनिक निकाय द्वारा जारी बिलहरू वा इनभ्वाइसहरू (उदाहरणका लागि पानी, बिजुली वा टाउन गैस सेवाहरूको उपयोगिता बिलहरू);
2. सरकारी विभाग वा न्यायपालिकाबाट को पत्राचार;
3. बैंक, बीमा कम्पनीहरू वा अनिवार्य भविष्य कोष (मेंडेटोरी प्रोविडेंट फण्ड) स्वीकृत ट्रस्टीद्वारा जारी बयान वा पत्राचार;
4. ल्याण्डलाइन टेलिफोन, मोबाइल फोन, सशुल्क टेलिभिजन वा इन्टरनेट सेवाहरूको बिलहरू;

5. स्थानीय पोस्ट-सेकेंडरी इन्सटिट्यूशन द्वारा जारी गरेका कागजात हरु वा बिलहरु जसले मतदाताको आवासीय ठेगानाको पुष्टि गर्न सक्छ;
6. वैध र "स्टम्प्ड" (टिकट शुल्कको लागि) भाँडा सम्झौता (पेश गरेको मिति भन्दा 3महिना भित्र जारी गरिएको मापदण्ड अनिवार्य छैन तर यस्तो भाडामा आवेदन गरेको मिति कभर हुनुपर्छ); वा
7. बिल, पत्राचार वा सार्वजनिक संस्थानहरू द्वारा जारी अन्य कागजातहरू जस्तै अस्पताल प्राधिकरण, आवास विभाग, हङ कङ हाउजिङ सोसाइटी, हङ कङ एग्जामिनेशन एंड अस्सेस्मेंट अथोरिटी

शीर्षमा फर्किनुस्

Q12: यदि म ठेगाना प्रमाण (एड्रेस प्रूफ) को रूपमा मेरो नाम र आवासीय ठेगानाको साथ कागजातहरू प्रदान गर्न सक्दिन भने, वैध ठेगाना प्रमाण (एड्रेस प्रूफ) को रूपमा सेवा दिन म कुन वैकल्पिक कागजातहरू पेश गर्न सक्छु?

A12: मतदाताको आफ्नै ठेगाना प्रमाण (एड्रेस प्रूफ) बाहेक, दर्ता र निर्वाचन कार्यालय(रजिस्ट्रेशन एंड इलेक्टोरल अफिस) ले पछिल्लो तीन महिना भित्र जारी निम्न कागजातहरूपनि स्वीकार गर्दछ (दर्ता र निर्वाचन कार्यालयबाट प्राप्त भएको मितिलाई, फारम बुझाउने मितिको रूपमा स्वीकार गरिनेछ), जसमा जारी भएको मिति र जारी गर्ने संगठनको नाम उल्लेख भएको कागजातहरू लाई मान्य ठेगाना प्रमाणको (एड्रेस प्रूफ) रूपमा स्वीकार गर्दछ:

- एउटा ठेगाना प्रमाण (एड्रेस प्रूफ) जस्मा मतदाता सँग बस्ने व्यक्तिको नाम र आवासीय ठेगाना उल्लेख छ, र मतदाता ले हस्ताक्षर गरेको घोषणा पत्र यो पुस्टि गर्नलाई कि त्यो ब्यक्ती मतदाता सँग उल्लेखित एउटै ठेगानामा मतदाता संग बसिरहेको छ र कि संलग्न ठेगाना प्रमाण एक पूर्ण प्रामाणिक प्रतिलिपि वा मूल को सही प्रतिलिपि हो। बयान(डेक्लरेशन ) को नमूना दर्ता र निर्वाचन कार्यालयको वेबसाइटबाट डाउनलोड गर्न सकिन्छ (http://www.reo.gov.hk/en/voter/ap.htm)।

- यदि मतदाताले माथि उल्लेखित कुनै कागजातहरू पेश गर्न सक्षम नभएमा, दर्ता र निर्वाचन कार्यालय(रजिस्ट्रेशन एंड इलेक्टोरल अफिस) ले शपथ र बयान(डेक्लरेशन ) अध्यादेश (Cap. 11)को आधारमा, उलेखित ठेगाना मा बसेको दाबीलाई आयुक्त/अभ्यास गर्दै गरेको वकिल/ जस्टिस ओफ पिसको समक्ष पेश गरेर वैधानिक घोषणालाई प्रमाणिकरण गरेको पनि स्वीकार गर्दछ। वैधानिक घोषणा गर्नका लागि नि: शुल्क सेवा जिल्ला कार्यालयहरुमा उपलब्ध छ। वैधानिक घोषणा पत्रहरूको नमूना दर्ता र निर्वाचन कार्यालयको वेबसाइटबाट डाउनलोड गर्न सकिन्छ बयान(डेक्लरेशन ) (http://www.reo.gov.hk/en/voter/ap.htm)

शीर्षमा फर्किनुस्

Q13: यदि मेरो नयाँ घर हाउजिङ डिपार्टमेंट अन्तर्गत सार्वजनिक भाँडामा आवासमा फ्ल्याट छ वा हङ कङ हाउजिङ सोसाइटी अन्तर्गत अनुदान प्राप्त घर हो भने, मैले ठेगाना परिवर्तनको लागि आवेदन गर्दा, के मलाई ठेगाना प्रमाण आवश्यकताबाट छुट दिइन्छ?

A13: मतदाताहरु जो हङकङ हाउिसङ सोसाइटी अन्तर्गत सार्वजनिक भाडा आवासको दर्ता भएको निवासी वा हङकङ हाउिसङ सोसाइटी अन्तर्गत सब्सिडी प्राप्त हाउिसङको भाडा बस्ने दर्ता भएको निवासी हुनु हुन्छ भने, उनीहरुले दर्ता ठेगाना परिवर्तन गर्नका लागि आवेदन गर्दा, र भाडा रेकर्डमा ठेगानाहरू मतदाताहरुले प्रदान गरेको आवासीय ठेगानासित मेल खान्छ भने, यस्ता मतदाताहरुलाई ठेगाना प्रमाणको आवश्यकतामा छूट दिन सक्छन।

तर होम ओनरिशप योजना अन्तर्गत हाउिसङ युिनट, ग्रीन फर्म सब्सिडीडाईड होम ओनरशिप स्कीम   वा बिक्री भै सकेका पब्लिक हाउिसङ युिनटको निवासीहरु (जस्तै किरएदार खरिद योजना अन्तर्गत फ्लैटहरु)यो छूट को दायरा बािहर छन् र मतदाताहरुले त्यही अनुसार मान्य ठेगाना पेस गर्नु पर्दछ।

ती मामिलाहरुको जहाँ निर्वाचन दर्ता अधिकारीले सम्बन्धित विभाग/ संगठनसँग मतदाताको विवरणहरु को डेटा मिलाउनमा दोहोरो जाँच गर्न नसक्ने अवस्थामा, मतदाताले निर्वाचन कार्य (मतदाताहरूको पंजीकरण) (विधान परिषद भौगोलिक निर्वाचन क्षेत्र) (जिल्ला परिषद क्षेत्र) नियमन धारा 10 A अन्तर्गत दर्ता गरिएको ठेगाना परिवर्तनको लागि आवेदन गर्दा ठेगाना प्रमाण दिनु पर्दछ (Cap. 541 A)।

शीर्षमा फर्किनुस्

Q14: यदि मलाई थाहा छ कसैले मतदाता दर्ताका लागि गलत जानकारी प्रदान गरेको छ भने मैले कसरी सरकारी विभागहरुलाई सूचना दिन सक्छु?

A14: मतदाता रेजिष्ट्रेसनको हालको दर्ता व्यवस्था लाई दर्ता गर्न व्यक्तिहरूलाई सहज बनाउन

ईमान्दारतापूर्वक पेश गर्ने संयन्त्रमा निर्भर छ। रेजिष्ट्रेसन लागि योग्य व्यक्तिहरूले वा रेजिष्टर्ड मतदाताले दर्ता विवरण दर्ता गर्दा वा परिवर्तन गर्ने रिपोर्ट गर्ने सम्बन्धमा साचो र सही जानकारी प्रदान गर्नुपर्नेछ। यदि सार्वजनिक सदस्यहरू शंकास्पद केसहरू थाहा पाएमा, उनीहरु ले पर्न आएमा उनीहरूले दर्ता र निर्वाचन कार्यालयमा उजुरी गर्न सक्नेछन जसले तुरुन्तै अनुसन्धान गर्नेछन् र यथोचित अनुसन्धानका लागि कानून प्रवर्तन एजेन्सीलाई सिफारिस गर्दछन्। सर्वसाधारणले कानून  उल्लंघन गर्नु हुँदैन।

शीर्षमा फर्किनुस्

Q15: यदि कसैले मतदाता दर्ताका लागि दर्ता र निर्वाचन कार्यालय (रजिस्ट्रेशन एंड इलेक्टोरल अफिस) मा गलत आवासीय ठेगाना (एड्रेस प्रूफ) प्रदान गर्दछ, वा दर्ता गरिएको ठेगाना परिवर्तनको लागि आवेदन दिंदा जाली/नक्कली ठेगाना प्रमाणको (एड्रेस प्रूफ)कागजात प्रदान गर्दछ, र त्यसपछि चुनावमा मतदान गर्छ भने, त्यो ब्यक्ती  कुन कानूनको उल्लंघन गर्दछ?

A15: एक व्यक्ति जसले जानाजानी वा लापरवाही सँग रजिस्ट्रेशन एंड इलेक्टोरल अफिसमा झूटो वा भ्रामक जानकारी बताउँदछ (उदाहरणका लागि झूटो आवासीय ठेगाना) चाहे त्यो व्यक्तिले चुनावमा मतदान गारोस वा नगरोस, कानून अन्तर्गत अपराध गर्दछ। यदि उक्त व्यक्तिले पछि चुनावमा मतदान गर्यो भने उसले निर्वाचन (भ्रष्टाचार र अवैध आचरण) अध्यादेश (Cap. 554) को धारा 16 को उल्लंघन गर्दछ, जुन भ्रष्टाचार बिरूद्ध स्वतन्त्र आयोगले लागू गरिएको हो। अधिकतम जरिवाना $500,000, र 7 बर्षको लागि जेल हुनसक्छ।

यसबाहेक, यदि एउटा मतदाताले छल गर्ने अभिप्रायले नक्कली ठेगाना दिएर अनि निर्वाचन दर्ता

अधिकारीले त्यस्लाई वैध प्रमाणको रूपमा स्वीकार गर्छ भन्ने, उसले जालसाजीको अपराध गरेको छ। अपराध अध्यादेश Cap.200) को धारा 71 बमोजिम, कुनै ब्यक्ति जसले जालसाजीको अपराध गर्दछ उनी दोषी ठहर भएमा 14 वर्ष जेल सजाय हुनु सक्दछ।

[शीर्षमा फर्किनुस्]

Q16: म मेन ल्यान्ड को नयाँ आगमन नागरिक हुँ। के मैले मतदाताको रूपमा दर्ता गर्न सक्छु?

A16: 18 वा माथि उमेरको सबै हङ कङ को स्थायी निवासीहरु,जो र हङ कङ मा सामान्य रूपमा बसो बास गरी रहनु भएको छ भने मतदाताको रूपमा दर्ताका लागि आवेदन दिन सक्छन्।

[शीर्षमा फर्किनुस्]

Q17: मैले कसरी जान्न सक्छु कि मेरा रेकर्डहरू सही मतदाताहरुको रेजिस्टरमा राखिएका छन?

A17: 2020 का लागि मतदाताहरूको अन्तिम दर्ता 25 जुलाई 2020 वा अघि प्रकाशित भएको थियो। पंजीकृत मतदाताहरूले जाँच गर्न सक्छन् कि उनीहरूको दर्ता विवरणहरू मतदाताहरूको रेजिष्टरमा सही रूपमा रेकर्ड गरिएको छ वा छैन। तपाईले आफ्नो हालैको दर्ता विवरणहरू अनलाइन मतदाता जानकारी प्रणाली (www.voterinfo.gov.hk) मार्फत पनि जाँच गर्न सक्नुहुन्छ वा दर्ता र निर्वाचन कार्यालय हटलाइन 2891 1001 मा कल गरेर सोध्न सक्नुहुन्छ।

शीर्षमा फर्किनुस्

Q18: के मेरो व्यक्तिगत डाटाको दुरुपयोग सम्बन्धी कुनै सुरक्षा उपायहरु छन्?

A18: तपाईंलाई पक्का आश्वासन दियिन्छ छ कि हरेक मतदाता द्वारा उपलब्ध गराईएको जानकारी मात्र मतदाता नामावली दर्ता र निर्वाचन सम्बन्धित उद्देश्यका लागि प्रयोग हुनेछ। दर्ता र निर्वाचन कार्यालय (रजिस्ट्रेशन एंड इलेक्टोरल अफिस) ले यस सम्भावित डाटाको दुरुपयोग नहुने कुरा सुनिश्चित गर्न हरेक सम्भावित उपाय अपनाएको छ। सार्वजनिक निरीक्षणका लागि प्रकाशित गरिएका रेजिष्टरहरूमा दर्ता भएका व्यक्तिको नाम र आवासीय ठेगाना मात्र समावेश हुन्छ तर उनीहरूको परिचयपत्र नम्बर वा सम्पर्क टेलिफोन नम्बर हुँदैन। चुनाव सम्बन्धी उद्देश्य बाहेक अन्य उद्देश्यको लागि रेजिस्टरमा कुनै जानकारी प्रयोग गर्नु हालको निर्वाचन कानून बमोजिम अपराध हो, र स्तर 2 मा जरिवाना र 6 महिना को कैदको सजाय हुनुसक्दछ।

शीर्षमा फर्किनुस्

Q19: मैले नयाँ मतदाता दर्ता /दर्ता विवरण परिवर्तनको लागि निवेदन पेश गरेको छु । मैले कसरी थाहा पाउन सक्छु कि दर्ता र निर्वाचन कार्यालयले मेरो आवेदन प्रक्रिया गर्दैछ भनेर?

A19: दर्ता र निर्वाचन कार्यालय (रजिस्ट्रेशन एंड इलेक्टोरल अफिस) ले नयाँ मतदाता दर्ता वा निर्वाचन विवरण परिवर्तनको लागि आवेदन प्रक्रिया पूरा गरे पछि हुलाकद्वारा लिखित दर्ता सूचना जारी गर्नेछ। लिखित दर्ता सूचनाहरूको साथसाथै, दर्ता विवरणहरूको परिवर्तन रिपोर्टिंग गर्ने मतदाताहरूलाई एसएमएस / इ-मेल द्वारा पनि सूचित गरिनेछ (यदि मतदाताले

त्यस्तो जानकारी उपलब्ध गराएको छ भने) जुन उनीहरूको दर्ता विवरण अपडेट गरिएको छ। मतदाताहरूले www.voterinfo.gov.hk मार्फत "आफ्नो अनलाइन रेकर्ड जाँच गर्न अनलाइन मतदाता जानकारी ईन्क्वायरी सिस्टम" मा लगईन गर्न सक्दछन्।

शीर्षमा फर्किनुस्

Q20: यदि मसँग मतदाता रेजिष्ट्रेसनको बारेमा थप प्रश्नहरू छन् भने मैले कुन विभागसँग सहयोग लिन सक्छु?

A20: थप सोधपुछको लागि, तपाइँले 2891 1001 मा पंजीकरण र निर्वाचन कार्यालय हटलाइनमा कल गर्न स्वागत छ वा हामीलाई ईमेल मार्फत reoenq@reo.gov.hk मा थप जानकारी लिन सक्नु हुनेछ।

शीर्षमा फर्किनुस्